# कृषि विकास बैंक लि. को
# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति २०७४/०५/३०)

**लोक सेवा आयोगबाट** प्राप्त सहमति अनुसार यस बैंकमा आ.व. २०७४/७५ मा रिक्त रहेका तपसील बमोजिमका पदहरूमा **लोक सेवा आयोगबाट** संचालन गरिने खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले निम्न शैक्षिक योग्यता तथा बान्छनीय योग्यता भएका योग्य नेपाली नागरिकहरूले तोकिएको ढाँचाको दरखास्त फारम प्रथम पटक सूचना प्रकाशित मितिले २१ (एक्काईस) दिन भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन भित्र तोकिएको कार्यालयमा दरखास्त फाराम दर्ता गर्नुपर्नेछ । परीक्षा दस्तुर वापतको रकम कृषि विकास बैंक लिमिटेडको खाता नं. **०१००२००११४५५५०२५** (कुनै पनि बैंकिग कार्यालय)मा जम्मा गरी सोको सक्कल भौचर दरखास्तसाथ संलग्न राखी हालसालै खिचिएको पासपोर्ट साइजको ४ (चार) प्रति फोटो सहित रीतपूर्वकको दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारमसाथ एस. एल. सी. र सो भन्दा माथिका सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र, मार्कशिट (ट्रान्सक्रिप्ट), चारित्रिक प्रमाणपत्र, अनुभव,तालिम तथा नेपाली नागरिकताको प्रमाणपत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपि पेश गर्नुपर्नेछ । साथै विदेशस्थित शिक्षण संस्थाबाट शैक्षिक योग्यता हासिल गर्ने आवेदकहरूको हकमा सम्बन्धित निकायबाट व्यक्तिगत समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रूपले फारम साथ पेश गर्नुपर्नेछ । बहालवाला कर्मचारीको हकमा दरखास्तसाथ विभागीय स्वीकृति र आफु कार्यरत रहेको संस्थाको सिफारिस पत्र अनिवार्य पेश गर्नुपर्नेछ । दरखास्त दस्तुर संलग्न नरहेको, रीत नपुगेको तथा तोकिएको मितिभन्दा पछि प्राप्त हुने दरखास्तउपर कुनै कारबाही नहुने व्यहोरा सूचित गरिन्छ । यस बैंकमा कार्यरत स्थायी कर्मचारीहरूलाई उमेरको हद लाग्ने छैन । खुला प्रतियोगिताको लागि तोकिएको परीक्षा दस्तुरबाहेक समावेशीतर्फ एकभन्दा बढी समूहमा सम्मिलित हुन चाहनेहरूको हकमा प्रत्येक समूहको तोकिएको दरले थप दस्तुर बुझाउनुपर्नेछ । तर, खुला प्रतियोगितातर्फ दरखास्त नदिई समावेशीतर्फको एउटा समूहमा मात्र दरखास्त दिने उम्मेदवारले तोकिएको पदमा तोकिएको परीक्षा दस्तुर बुझाउनुपर्नेछ । अन्य कुराको हकमा सम्बन्धित पदको दरखास्त फारममा उल्लेख भएबमोजिम हुनेछ । दरखास्त फाराम तथा पाठ्यक्रम यस बैंकको वेभ साइट www.adbl.gov.np बाट Download गरी प्राप्त गर्न सकिनेछ ।

तपसील

| क्र. सं. | विज्ञापन नं. | पद/ श्रेणी | सेवा | पद संख्या | उमेर | तलब भत्ता | परीक्षा दस्तुर | परीक्षण काल अवधि | परीक्षाको किसिम | न्यूनतम आवश्यक योग्यता/ बान्छनीय योग्यता | परीक्षा हुने स्थान, मिति र केन्द्र | दरखास्त फाराम बुझाउने स्थान | अनिवार्यरुपमा काम गर्नु पर्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६/ २०७४/७५ | लेखा अधिकृत (सि.ए.) अधिकृत स्तर तृतीय श्रेणी, तह-७ | प्रशासन | ९ (नौ)<br>खुला - ५<br>महिला- १<br>आ.ज.- १<br>मधेशी - १<br>दलित- १ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको | बैंकको नियमानुसार | रु. १,०००।- (एक हजार मात्र) र थप रु.३००/- (तीन सय) प्रत्येक समावेसी समुह | पुरुषको हकमा १ वर्ष, महिलाको हकमा ६ महिना | लिखित तथा अन्तर्वार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट चाटर्ड एकाउण्टेण्ट (CA) उत्तिर्ण भई नेपाल चाटर्ड एकाउण्टेण्ट संस्थाको सदस्यता प्राप्त गरेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको । | स्थानः काठमाडौं, मिति र केन्द्र पछि प्रकाशित गरिने छ । | मुख्य कार्यालय, काठमाडौं । | बैंकले खटाएको कुनै पनि कार्यालयमा काम गर्नु पर्ने । |
| २ | ७/ २०७४/७५ | व्यवसाय अधिकृत, अधिकृत स्तर तृतीय श्रेणी, तह-७ | प्रशासन | २६ (छब्बिस)<br>खुला :- १४<br>महिला :- ४<br>आ.ज.:- ३<br>मधेशी :- ३<br>दलित - १<br>अपाङ्ग :- १ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको | बैंकको नियमानुसार | रु. १,०००।- (एक हजार मात्र) र थप रु.३००/- (तीन सय) प्रत्येक समावेसी समुह | पुरुषको हकमा १ वर्ष, महिलाको हकमा ६ महिना | लिखित तथा अन्तर्वार्ता | मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन संकायमा स्नातकोत्तर तह वा मानविकि संकायमा मूल विषय अर्थशास्त्र लिई स्नातकोत्तर तह उत्तिर्ण गरेको । | स्थानः काठमाडौं, मिति र केन्द्र पछि प्रकाशित गरिने छ । | मुख्य कार्यालय, काठमाडौं । | काठमाडौं उपत्यका बाहिर बैंकले खटाएको कुनै पनि कार्यालयमा कम्तिमा ३ वर्ष काम गर्नु पर्ने । |
| ३ | ८/ २०७४/७५ | व्यवसाय सहायक, सहायक स्तर प्रथम श्रेणी, तह- ५ | प्रशासन | ६६ (छैसट्ठी)<br>खुला-३६<br>महिला-१०<br>आ.ज.- ८<br>मधेसी- ७<br>दलित- ३<br>अपाङ्ग- १<br>पि.क्षे.-१ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको । | बैंकको नियमानुसार | रु. ८००।- (आठ सय मात्र) र थप रु.३००/- (तीन सय) प्रत्येक समावेसी समुह | पुरुषको हकमा १ वर्ष, महिलाको हकमा ६ महिना | लिखित तथा अन्तर्वार्ता | मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन संकायमा स्नातक तह वा मानविकि संकायमा मूल विषय अर्थशास्त्र लिई स्नातक तह उत्तीर्ण गरी कम्प्युटरको बेसिक तालीम प्राप्त गरेको । | स्थानः काठमाडौं, मिति र केन्द्र पछि प्रकाशित गरिने छ । | क्षेत्रीय कार्यालय, गौशाला काठमाडौं । | बैंकले खटाएको काठमाडौं उपत्यका बाहिरको कुनै पनि कार्यालयमा कम्तिमा ५ वर्ष काम गर्नु पर्ने । |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ९/ २०७४/७५ | लेखपाल, सहायक स्तर द्वितीय श्रेणी, तह- ४ | प्रशासन | ५० (पचास)<br>खुला-२८<br>महिला-७<br>आ.ज.- ६<br>मधेसी- ५<br>दलित- २<br>अपाङ्ग- १<br>पि.क्षे.-१ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको । | बैंकको नियमानुसार | रु. ८००।- (आठ सय मात्र) र थप रु.३००/- (तीन सय) प्रत्येक समावेसी समुह | पुरुषको हकमा १ वर्ष, महिलाको हकमा ६ महिना | लिखित तथा अन्तर्वार्ता | व्यवस्थापन संकायमा प्रमाणपत्र तह वा सो सरह वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी कम्प्युटरको बेसिक तालीम प्राप्त गरेको । | स्थानः विराटनगर, मिति र केन्द्र पछि प्रकाशित गरिने छ । | क्षेत्रीय कार्यालय, विराटनगर । | विराटनगर, राजविराज तथा जनकपुर क्षेत्रीय कार्यालय अन्तर्गत खटाएको कार्यालयमा कम्तिमा ५ वर्ष काम गर्नु पर्ने । |
| ५ | १०/ २०७४/७५ | लेखपाल, सहायक स्तर द्वितीय श्रेणी, तह- ४ | प्रशासन | ७९ (उनासी)<br>खुला-४४<br>महिला-१२<br>आ.ज.- ९<br>मधेसी- ८<br>दलित- ३<br>अपाङ्ग- २<br>पि.क्षे.-१ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको । | बैंकको नियमानुसार | रु. ८००।- (आठ सय मात्र) र थप रु.३००/- (तीन सय) प्रत्येक समावेसी समुह | पुरुषको हकमा १ वर्ष, महिलाको हकमा ६ महिना | लिखित तथा अन्तर्वार्ता | व्यवस्थापन संकायमा प्रमाणपत्र तह वा सो सरह वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी कम्प्युटरको बेसिक तालीम प्राप्त गरेको । | स्थानः पोखरा, मिति र केन्द्र पछि प्रकाशित गरिने छ । | क्षेत्रीय कार्यालय, पोखरा । | पोखरा, भैरहवा,वीरगंज र काठमाडौं क्षेत्रीय कार्यालय अन्तर्गत खटाएको काठमाडौं उपत्यका बाहिरका कार्यालयमा कम्तिमा ५ वर्ष काम गर्नु पर्ने । |
| ६ | ११/ २०७४/७५ | लेखपाल, सहायक स्तर द्वितीय श्रेणी, तह- ४ | प्रशासन | ३० (तिस)<br>खुला-१७<br>महिला-४<br>आ.ज.- ३<br>मधेसी- ३<br>दलित- १<br>अपाङ्ग- १<br>पि.क्षे.-१ | दरखास्त बुझाउने अन्तिम मिति सम्ममा पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको । | बैंकको नियमानुसार | रु. ८००।- (आठ सय मात्र) र थप रु.३००/- (तीन सय) प्रत्येक समावेसी समुह | पुरुषको हकमा १ वर्ष, महिलाको हकमा ६ महिना | लिखित तथा अन्तर्वार्ता | व्यवस्थापन संकायमा प्रमाणपत्र तह वा सो सरह वा मानविकी संकायमा मूल बिषय अर्थशास्त्र लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी कम्प्युटरको बेसिक तालीम प्राप्त गरेको । | स्थानः नेपालगंज, मिति र केन्द्र पछि प्रकाशित गरिने छ । | क्षेत्रीय कार्यालय, नेपालगंज । | नेपालगंज, धनगढी र दाङ्ग क्षेत्रीय कार्यालय अन्तर्गत खटाएको कार्यालयमा कम्तिमा ५ वर्ष काम गर्नु पर्ने । |

**नोट : समावेशी तर्फ फारम भर्ने उम्मेदवारहरुले आदिवासी/जनजाती, मधेसी, दलित, अपाङ्गता भएको सम्बन्धित निकायबाट जारी भएको प्रमाण तथा तोकिएको पिछडिएको क्षेत्रको हकमा सम्बन्धित स्थानीय निकायबाट जारी भएको ३ महिना ननाघेको आधिकारीक पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।**

पदपूर्ति समिति
कृषि विकास बैंक लि.